# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## नवदुर्गा गाउँपालिका डडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ५०७

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

नवदुर्गा गाउँपालिका, डडेलधुरा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७ मिति: २०७७/३/३०
च.नं. **५०८**

श्री अध्यक्षज्यू,
नवदुर्गा गाउँ कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले नवदुर्गा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ८२ लाख ९७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ७ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३० लाख ९३ हजार नियमित गर्नुपर्ने रु.१ करोड १५ लाख ३४ हजार र पेश्की बाँकी रु. २९ लाख ३४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न २ दफाको रु.२ करोड १२ लाख ७७ हजार असुल दाखिला भएको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफाहरु प्रारम्भिक प्रतिवेदनबाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।१२।२०

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# नवदुर्गा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न नवदुर्गा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । नवदुर्गा गाउँपालिका अन्तर्गत ५ वडा रहेको २८ सभा सदस्य १४१.८९ व.कि.मि.क्षेत्रफल, जनसंख्या १९९५७ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २४२७५१२३.९१ | १ | **चालु खर्च** | | १९८३७२५७३.७४ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | १४६५२५६०२ |
| | ख) बैंक | २४२७५१२३.९१ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५२७४५३१९.७२ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | २१२२५७७.६३ | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ४९८१९२८२.३४ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ८०३४५९.७५ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | ० | ० | | ग) अन्य भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २४६५७१४१५ | | | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ७५७००००० | ० | ५ | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | १४६४६८४१५ | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | ६४०३००० | ० | | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | १८०००००० | ० | | अन्य लगानी | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १४६९२००० | ६ | **धरौटी फिर्ता** | | ३३९३८२ |
| | क)वित्तीय समानीकरण अनुदान | ६७०४००० | ० | ७ | **को.ले.नि.का फिर्ता** | | १५७१३४०८.२६ |
| | ख) सशर्त अनुदान | ० | ० | ८ | **कोष खर्च** | | ० |
| | ग) समपूरक अनुदान | ३७८८००० | ० | ९ | **मौज्दात** | | ३७२१९२८७.६३ |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | ख) बैंक मौज्दात | | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | मूल सञ्चित कोष | २२५३३६९३.७८ | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | धरौटी खाता | १८४५९५४ | ० |
| | क) ऋण प्राप्ति | | ० | | चालु खाता | ११४८७६२५ | ० |
| | ख) साँवा प्राप्ति | | ० | | पुँजीगत खाता | १०४००१४.८५ | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | कर्मचारी कल्याण कोष | ३१२००० | ० |
| | घ) अन्य प्राप्ति | | ० | १० | विविध खर्च | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ३१२००० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ५७३८९०५९ | | | | ० |
| ११ | **धरौंटी आय** | | २१८५३३६ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | | **३९८१७०२५३.६३** | | **जम्मा** | | **३९८१७०२५३.६३** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.३ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।९।१ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>१.</td><td>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार आषाढ मसान्तभित्र पारित भएको छ । जसअनुसार आयतर्फ रु.२६ करोड ७९ लाख (गत वर्षको मौज्दात जिम्मेवारीसमेत) तथा व्ययतर्फ पूँजीगततर्फ रु.११ करोड ६० लाख ३० हजार, सशर्त अनुदानतर्फ २ करोड ९४ लाख, क्षेत्रगत कार्यक्रमतर्फ ५ करोड २३ लाख र चालुतर्फ ७ करोड १ लाख ७० हजार स्वीकृत भएकोमा उक्त बजेटबाट निम्नानुसारका पूँजीगत कार्यक्रम कार्यान्वयनमा ल्याउने निर्णय भएको देखियो ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्रगत कार्यक्रम</th><th>कार्यक्रम संख्या</th><th>विनियोजित बजेट (रु. हजारमा)</th></tr>
<tr><td>१</td><td>पूर्वाधारतर्फ</td><td>३९</td><td>११७२५</td></tr>
<tr><td>२</td><td>धार्मिक साँस्कृतिक पर्यटन</td><td>१९</td><td>२८००</td></tr>
<tr><td>३</td><td>खानेपानी तथा सरसफाई</td><td>२३</td><td>९५००</td></tr>
<tr><td>४</td><td>सामाजिक विकास (विद्यालय शिक्षा)</td><td>७</td><td>१३००</td></tr>
<tr><td>५</td><td>सामाजिक विकास (स्वास्थ्य)</td><td>१</td><td>१००</td></tr>
<tr><td>६</td><td>भौतिक पूर्वाधार ( सडक पूर्वाधार)</td><td>२७</td><td>२२५००</td></tr>
<tr><td>७</td><td>खेलकुद</td><td>१</td><td>३००</td></tr>
<tr><td>८</td><td>आय आर्जन, क्षमता विकास</td><td>५</td><td>१४००</td></tr>
<tr><td>९</td><td>पूँजीगत सुधार (भैपरी आउने)</td><td>५</td><td>३३७५</td></tr>
<tr><td>१०</td><td>अन्य</td><td>२२</td><td>१७२२८</td></tr>
<tr><td>११</td><td>वडास्तरिय कार्यक्रम</td><td>६७</td><td>४५७७२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१६</td><td>११६०००</td></tr>
</table>
गाउँपालिकाले उपरोक्त ११ वटा क्षेत्रगत कार्यक्रम अन्तर्गत २१६ वटा योजनाहरु सञ्चालनमा ल्याउने गरी बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा उपरोक्त कार्यक्रम कार्यान्वयन गरी सो को भौतिक तथा वित्तीय प्रगति समेतको आर्थिक प्रतिवेदन तयार गरेको देखिएन । गाउँपालिकाले कार्यन्वयनमा ल्याएका योजना तथा कार्यक्रमको वार्षिक प्रगति तयार गरी समिक्षा गनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २. | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४०२००००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.२१२२५७७।६३ अर्थात अनुमान भन्दा ४७.१९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएकोमा बजेट कार्यान्वयनको लागि गाउँपालिका अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको छ भने प्रमूख प्रशासकीय अधिकृतले विषयगत शाखा प्रमूखहरुलाई अख्तियारी दिएको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्दछ । | |
| ४. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.२१२२५७७।६३ आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ५ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ५. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ६. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ७. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **<u>नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :</u>**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक आर्थिक वर्षका लागि गाउँपालिकाले गाउँ सभामा आफ्ना नीति तथा कार्यक्रमसहितको अनुमानित आय- व्यय विवरण प्रस्ताव गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यस वर्ष आफ्ने नीति तथा कार्यक्रमको कार्यान्वयन लक्ष्य तय गर्न आवश्यक नीति निम्नानुसार पेश गरेको छः<br>● पूर्वाधारतर्फ सडक सञ्जाललाई प्राथमिकता दिने,<br>● पानीको स्रोत संरक्षणको कार्यक्रम ल्याउने,<br>● खानेपानीको समस्या स्थायी रुपमा निराकरण गर्ने,<br>● सुकुम्वासीहरुलाई व्यवस्थित बसोवासको प्रवन्ध गर्ने,<br>● सिंचाईका बैकल्पिक उपायसमेत अवलम्वन गरी तरकारी लगायतका नगदेबालीको उत्पादनमा गुणात्मक बृद्धि ल्याउने,<br>● युवा उद्यमी कार्यक्रम, रोजगार बैंक स्थापना गर्ने,<br>● पर्यटन विकासमा भ्यू टावर लगायतका पूर्वाधार निर्माण गर्ने,<br>● योग अभ्यासमार्फत स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने,<br>● दलितको सामूहिक आय आर्जनका कार्यक्रम सञ्चालनमा ल्याउने र मूल प्रवाहीकरणमा समाहित गर्ने,<br>उपरोक्तानुसारका नीतिमध्ये अधिकांश कार्यान्वयनमा आउन नसकेको अवस्था देखियो । अतः वार्षिक कार्यक्रमको कार्यान्वयनमा सहजता ल्याउने यस्ता नीति अनिवार्य रुपमा सभा समक्ष पेश गर्ने नीतिले लिएका मार्गनिर्देशन अनुसार योजना कार्यान्वयनमा सभाले आवश्यक व्यवस्था गर्नुपर्दछ । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **बजेट अबण्डा** :<br>स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले गाउँपालिका स्तरिय योजना तर्जुमा गर्दा भैपरी आउने शिर्षक दिई रु.७३ लाख ९१ हजार बराबरका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने  अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ११. | **चौमासिक खर्चः**<br>गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट बमोजिम कार्य सम्पादन गरी प्रगति हासिल गर्नुपर्नेमा उपलब्ध गराएको चौमासिक पूँजीगत खर्चको विवरणअनुसार प्रथम चौमासिकमा रु.१४८१६९३८।- अर्थात १७.९१ प्रतिशत, दोश्रो चौमासिकमा रु.२०१७७३९१।-, अर्थात २४.३८ प्रतिशत र तेश्रो चौमासिकमा रु.४७७३५२६६।-, अर्थात ५७.७१ प्रतिशत समेत गरी रु.८२७१९५९५।- खर्च भएकोमा आषाढ महिनामा मात्र रु.३७९६२०००।-  अर्थात ४५.८९  प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन हुन सकेको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १२. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.११७७७७५५।२६ संघीय संचित कोषमा दाखिला भएको छ ।<br>**मुक्त हलिया पुनर्स्थापना कार्यक्रम** अन्तर्गत प्राप्त रु.२ करोड १२ लाख २६ हजार सशर्त अनुदान निर्धारित कार्यक्रममा खर्च नगरी मूल कोषमा सारेर खर्च जनाएको देखिएको रकम प्रतिक्रियाको क्रममा संघीय सञ्चित कोषमा दाखिला भएको छ । | |
| १३. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १४. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १५. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा नभएकोले  कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कर्मचारीको तलबी प्रतिवेदन पारित गरी रु.६७५१६४०५।- तलब खर्च लेखेको छ । | |
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन (गाउँ प्रोफाइल) तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३३ रहेता पनि पदपूर्ति ६ रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित २७ पद रिक्त रहेका छन् । तिमध्ये ११ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १८. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन ,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार योजनाको अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरी सोमध्येबाट खरिद गर्नुपर्नेमा नगरेको,<br>• यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजकका आधारमा खर्च लेख्नुपर्नेमा भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका भनिएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, | |
| *१९.* | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| *२०.* | **बार्षिक खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४६५२५६०२/-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

२१. ***सवारी साधन खरिदको विवरण :***

*गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छ:*

| क. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोगकर्ता | विक्रेता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल पल्सर १५० cc | २ | ५१९५१८ | कर्मचारीहरु | साउद अटोमोवाइल्स | यस आव मा खरिद/ नामसारी भै नआएको |
| २ | मोटरसाइकल पल्सर १५० cc | १ | ३०११३८ | " " | जगन्नाथ ट्रेड एण्ड सप्लायर्स | " " |
| ३ | मोटरसाइकल यमाहा FZS | १ | २८८७९०० | " " | स्वेता ट्रडिङ कन्सर्न | " " |
| ४ | Isuzu जिप | १ | ५९९५००० | गा.पा. अध्यक्ष | - | - |
| ५ | TVS 150 मोटरसाइकल | १ | - | गा.पा. उपाध्यक्ष | - | नामसारी हुन बाँकी |
| ६ | मोटरसाइकल | ११ | - | पदाधिकारी तथा कर्मचारी | - | - |

*यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्*

*साउद अटोमोवाइल्सबाट खरिद गरेका २ वटा पल्सर मोटरसाइकलको विक्री गरेको मध्ये एउटा विल होण्डाको अधिकारिक विजक जारी गरी बजाज कम्पनीको उत्पादन गरेको पल्सर मोटरसाइकलको बिल रु.२६४७५९।- भुक्तानी भएको (मु.अ.करसमेत ) देखियो । साउद अटोमोवाइल्स डडेलधुरा बजाज कम्पनीका मोटरसाइकल विक्री गर्नेआधिकारिक विक्रेता भएकोमा होण्डा कम्पनीको Tax Invoice विल जारी गरी पल्सर मोटरसाइकल विक्री गरेको देखियो । यसरी खरिद भएको २ मोटरसाइकल हालसम्म नामसारी भै आएको समेत नदेखिएकाले उक्त सवारी साधन नामसारी गरी गाउँपालिकाको स्वामित्वमा ल्याएको प्रमाण पेश हुनुपर्ने अन्यथा मोटरसाइकल खरिदमा भुक्तानी भएको रकम रु.५१९५१८।- असुल हुनुपर्ने रु.*

बेरुजू रकम: ५१९५१८/-

२२. **सेवाप्रवाहको स्थिति :**

गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो १ तथा नयाँ ३ ) | ४ |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | पेश नभएको |
| ३ | स्थायी इजाजत प्रदान म्एत्र्ञ Level 2074/75 | " |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | " |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | " |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | " |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | १५७२ |
| ८ | मृत्यू दर्ता | |
| ९ | बसाईसराई दर्ता | पेश नभएको |
| १० | बिबाहदर्ता | " |
| ११ | सम्बन्ध विच्छेद दर्ता | " |
| | **अन्य सिफारिस** | - |
| १२ | घरबाटो सिफारिस | ७४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| १३ | नागरिकता सिफारिस | ७७२ |
| १४ | नाता प्रमाणित | २५७ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | पेश नभएको |
| १६ | कालोपत्रे सडक मर्मत | " |
| १७ | ग्राभेल सडक निर्माण | " |
| १८ | ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

२३. **कानून निर्माण र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | आर्थिक ऐन,२०७५ |
| २. | गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका |
| ३. | गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता, २०७४ |
| ४. | अध्यक्ष प्रकोप तथा उद्दार राहत कोष निर्देशिकासम्बन्धी कानून |
| ५. | गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण नियमावली |
| ६. | गाउँ कार्यपालिका कार्य विभाजन नियमावली |
| ७. | गाउँपालिका कार्यसम्पादन नियमावली |
| ८. | गाउँ कार्यपालिका बैठक सञ्चालनसम्बन्धी कार्यविधि |
| ९. | घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि |
| १०. | गाउँपालिका स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि |
| ११. | गाउँपालिका आकस्मिक कोष ऐन |
| १२. | न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| १३. | गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन |
| १४. | गाउँपालिका कृषि प्रवर्द्धन ऐन |
| १५. | गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन |
| १६. | गाउँपालिकाको सहकारी ऐन |
| १७. | एफ.एम. रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि |

२४. ***कल्याण कोष :***

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो ब्यवस्था अनुसार यस गाउँपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याण कोष खातामा ल्याएको पाइएन । कर्मचारी कल्याण कोषमा गत वर्षसम्म रु.१५००००।- मौज्दात रहेकोमा यस*

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वर्ष रु.१६२००००/- एकमुष्ट जम्मा गरी रु.३१२००००/- मौज्दात रहेको पाइयो । स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा आफ्नो गाउँपालिकाभित्रका कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>न्यायिक समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा ९ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ६ वटा मुद्दा फछ्र्यौट गरेको ३ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु.३३१२०००/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ५ जना र कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य १५ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>१५०००</td><td>२५०००</td><td>१४८०००</td><td>७२५००</td><td>३१२६०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१५००</td><td>१०००</td><td>२५००</td><td>०</td><td>१८६०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>३३१२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.५७७५००/-, पोशाक भत्ता रु.२२५०००/-, इन्धन सुविधा रु.२२५०००/- तथा अनुगमन भत्ता रु.१३०००००/- सहित जम्मा रु.२३२७५००/- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>२३२७५००/-</td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
<tr><td>२८.</td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>लक्ष्य प्रगतिको स्थितिः<br>गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाबाट सञ्चालित २१६ वटा मूल कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति माग गरेकोमा पेश भएन । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३०. | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३१. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत ११ वटा कार्यक्रम तथा अन्तर्गतका २१६ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३२. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३३. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | **योजना हस्तान्तरण:** निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३५. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३६. | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप, सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३७. | **सफ्टवेयर उपयोग:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहबाट प्रवाह गर्ने सेवा छिटो छरितो, पहुँचयोग्य हुने व्यवस्था गरेको छ । कार्यालयले दिने सेवाको गुणस्तर एवं लाग्ने लागत समय घटाउन प्रयत्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष Soft Tech Foundation Pvt. Ltd. सँग जिन्सी सफ्टवेयर खरिद गरी गो.भौ.नं. १०, मिति २०७५।६।२४ मा रु.२२६०००।- भुक्तानी दिएको छ ।<br>यसरी खरिद गरिएको सफ्टवेयर हालसम्म प्रयोगमा ल्याएको देखिएन । कार्यालयले हातले लेखी जिन्सी अभिलेख राख्ने गरेको अवस्था रहेकाले सफ्टवेयरमा लगानी गरेको उक्त खर्च दुरुपयोग हुने अवस्था देखियो । उक्त सफ्टवेयर सञ्चालनमा ल्याई काममा सहजता ल्याउनुपर्ने देखिन्छ । | |
| ३८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गरी कन्टिन्जेन्सी खातामा दाखिला भएको देखियो । विभिन्न योजनाको यसरी कट्टि गरिएको कन्टिन्जेन्सी रु.३२३६३१०।- मध्ये कार्यक्रमगत विवरणबेगर कुल रु.३५७०७४४।- खर्च गरेको अवस्था छ । कुल कन्टिन्जेन्सीको आयभन्दा रु.३३४४३४।- कन्टिन्जेन्सीतर्फ बढी खर्च गरेको अवस्था छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा खर्च गर्नुपर्दछ । साथै कुल कन्टिन्जेन्सी वापत कट्टि गरेको रकमभन्दा बढी खर्च भएको उक्त रकम असुल हुनुपर्ने रु. | ३३४४३४/- |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ३९. | **निर्माण सामग्री खरिदः** कार्यालयले आषाढ महिनामा देहाय अनुसार सामग्री खरिद गरेको छ । यसरी सामग्री खरिद गर्नुपूर्व स्वीकृत लागत अनुमान अनुसार प्रयोग हुने योजनासमेत निश्चित गर्नुपर्नेमा निर्माण सामग्री मात्र सिधै खरिद गरेको देखियो । यसरी कार्यक्रम वेगर खरिद भएका रु.२४ लाख ७३ हजार मूल्यका निर्माण सामान प्राविधिकबाट नापी किताबमा खर्च जनाई योजनाको बिल अनुसार जिन्सीबाट यस्ता सामान खर्च घटाएको गरेको समेत देखिएन । साथै उक्त सामानहरु जिन्सीमा मौज्दात समेत नदेखिएकाले खरिद गरेका सामानहरु हिनामिना हुने स्थिति देखियो । उक्त परिमाणका निर्माण सामग्रीहरु कहाँ कुन अवस्थामा छन्, यकिन गरी आगामी वर्षको कार्यक्रममा उपयोग गरी खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. | २४७३८७६/- |

| गो.भौ.नं.। मिति | सामग्री | रकम |
|---|---|---|
| १३, २०७५/६/२४ | पाईप खरिद | १००१८५ |
| १४, २०७५/६/२४ | " " | ४९५००० |
| ५३, २०७५/९/१९ | " " | ६६१०५ |
| ३२२, २०७६/३/२८ | " " | ३००१५१ |
| ३२३, २०७६/३/२८ | " " | ३५००१७ |
| ३२४, २०७६/३/२८ | " " | ३५०००० |
| ३२५, २०७६/३/२८ | पाइप औजार | १९९७०४ |
| ३२६, २०७६/३/२८ | पाइप खरिद | ३८०१५९ |
| ३३७, २०७६/३/३० | " " | १००००० |
| ३७६, २०७६/३/३० | " " | ८४१०० |
| ३४१, २०७६/३/३० | " " | ४८४५५ |
| जम्मा | | २४७३८७६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **ठेक्का बन्दोबस्त :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार बार्षिक बजेट कार्यक्रम कार्यान्वयन तालिका बनाउँदा सूचारु रुपबाट तोकिएको समयमा सम्पन्न गर्ने गरी लागत अनुमान स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने, यसको लागि प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी ठेक्का मितव्ययी, गुणस्तरयुक्त बनाउनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष देहाय अनुसार ठेक्का बन्दोवस्त गरेको छ । | |

| क.सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|
| १ | खोडानटा चौड टाँक सडक | ०१ | २२ | १४ | १०३०३१६७ | ४७९७२५७ |
| २ | कोराल मम्मे गिल्ला सडक | ०२ | १८ | १४ | १२४२६७५० | ५८५४७८० |
| ३ | गिल्ला सुवाकोट सडक | ०३ | २२ | १५ | ११३९९९४३ | ५३५७३६२ |
| ४ | सुवाकोट तातोपानी लिफ्ट सिंचाइ योजना | ०४ | ८ | ३ | ४७७९२०५ | ४१०८३५६ |
| ५ | कोटेली ट्युववेल खा.पा.यो. | ०५ | ८ | ६ | ३४२७३४२ | ३४२४२९० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | चामा स्वास्थ्य केन्द्र भवन | ०८ | २० | ३ | ३७२२२२० | ३७१९१४२ |
| ७ | गाउँपालिका भवन पर्खाल | ०७ | ३ | ३ | १४८२२९३ | १४७७२९१ |
| ८ | कर्मचारी आवास प्रि फ्याव भवन | ०६ | ३ | ३ | १९९८८८८ | १९९३१९१ |
| जम्मा | | | | | ४९५३९८०८ | ३०७३१६६९ |

उपरोक्त तालिका अनुसार कार्यालयले ८ वटै ठेक्का तेस्रो चौमासिकमा सम्पन्न भएको, खोलिएका ठेक्कामध्ये सडक निर्माणतर्फ बाहेक अन्य ठेक्का लगत अनुमान कै हाराहारीमा स्वीकृत भएको देखियो । प्रदेश सरकारबाट वर्षान्तमा बजेट तथा कार्यक्रम पठाएकाले ठेक्का प्रकृया समयमा हुन नसकेको कार्यालयले जनाएको छ । ठेक्का स्वीकृतमा भएको ढिलाईका कारण समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने, लागत बढ्न जाने हुँदा समयमा नै ठेक्का स्वीकृत हुनुपर्दछ ।

४१. **टुक्रा पारी निर्माणः**

गाउँपालिकाले आफ्नो प्रशासनिक भवन निर्माण गर्दा एउटा भवनसँग सम्बन्धित निम्नानुसारक कार्यहरुको एउटै लगत इस्टिमेट स्वीकृत गरी बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक आधारमा गराउनुपर्नेमा टुक्रा पारी निर्माण गराएको छ ।

| प्याकेज | कार्य | सम्झौता रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ०१ | कार्यालय भवन निर्माण | १४७७२९१ | १४७६०३५ | |
| ०२ | जग खार्ने कार्य | ८००००० | ७६८००० | |
| ०३ | पेटी निर्माण | ४९३९८२ | ४९३९८२ | |
| ०४ | भवन निर्माण सेफ्टि ट्यांकी | ४६९४५८ | ४५२२४९ | |
| ०५ | भवनसँग प्रतिक्षालय निर्माण | ३२६७५० | ३२६७२२ | |
| ०६ | गाउँपालिका कार्यालय घेरावार गेट निर्माण | १४४३९६१ | १४१५७४५ | |
| **जम्मा** | | ५०११४४२ | ४९३२७३३ | |

उपरोक्त अनुसार सिलबन्दि दरभाउपत्र छल्ने उद्देश्यले एउटै प्रकृतिको एकै स्थानमा सम्पादन हुने निर्माण कार्यलाई छुट्टै टुक्रा-टुक्रा पारी सिलबन्दि दरभाउपत्रबाट, उपभोक्ता समितिमार्फत र ३ वटा हाते कोटेशन माग गरी निर्माण कार्य गराएको देखियो । एउटै लगत स्टिमेट स्वीकृत गरी मितव्ययी खरिद कार्य गर्नुपर्दछ ।

४२. **न्यून बजेट योजनाः**

स्थानीय निकायहरुले समानीकरण तथा सशर्त अनुदानतर्फको कार्यक्रम तथा बजेट विनियोजन गर्दा रु.३ लाखभन्दा कम लागत अनुमानका योजनाहरु स्वीकृत गर्न नहुनेमा यस वर्ष उक्त उल्लेखित सीमाभन्दा कम (२५००० देखि ३००००० लाख सम्म) १०८ वटा योजनामा रु.२ करोड ८८ लाख २७ हजार बजेट तथा कार्यक्रम छुट्टाएको छ । योजना अनुगमन कार्यान्वयन निर्देशिका विपरीत स्थानीय तहले योजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

| सि. नं. | क्षेत्रगत कार्यक्रम | योजना स्वीकृत संख्या | विनियोजित बजेट | खर्च |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास खानेपानी, सिंचाई | ३९ | ११७२७००० | ११७२७००० |
| २ | धार्मिक, साँस्कृतिक पर्यटन | १९ | २८००००० | २८००००० |
| ३ | खानपानी मर्मत सम्भार | २३ | ९५००००० | ९५००००० |
| ४ | सामाजिक विकास | ८ | १४००००० | १४००००० |
| ५ | पुर्वाधार विकास (सडक बाटो) | १२ | २१००००० | २१००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६ | आय आर्जन लक्षित समूह | ६ | १०५०००० | १०५०००० |
| ७ | पूँजीगत सुधार (भैपरी आउने) | १ | २५०००० | २५०००० |
| | **जम्मा** | **१०८** | २८८२७००० | २८८२७००० |

४३. **सम्पूरक अनुदानः**

यस वर्ष गाउँपालिकालाई विभिन्न ३ योजनाको लागि रु.१ करोड ४१ लाख २० हजार बजेट विनियोजन भएकोमा सम्पूरक अनुदान कार्यान्वयन कार्यविधि २०७५ अनुसार ६० प्रतिशत गाउँपालिकाको आफ्ने स्रोतबाट र ४० प्रतिशत रकम सम्पूरक कोषबाट विनियोजन गरी योजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले आफ्नो स्रोतबाट व्यहोर्नुपर्ने ६० प्रतिशत रकम समावेश नै नगरी विभिन्न योजनामा प्रदेश सरकारबाट प्राप्त बजेट आषाढ महिनामा आएर विनियोजन गरी खर्च गरेको छ ।

| सि. नं. | योजनाको नाम | ल.ई. | प्रदेश सरकारको बजेट | गाउँपालिकाले व्यहोर्ने बजेट | प्रदेश सरकारतर्फको कुल भुक्तानी |
|---|---|---|---|---|---|
| १ | कोरला मम्मे गिल्ला सडक स्तरोन्नति | १०९९७१२४ | ३९४५३८२ | ० | २३४१८८० |
| २ | खोडानेटा चौड टाँक सडक | ९११७८४८ | ४७९७२५६ | ० | १९१८८१० |
| ३ | गिल्ला सुवाकोट सडक ट्रयाक खोल्ने कार्य | ९४८०००० | ५३७७३६२ | ० | २१४२३१० |

यस सम्बन्धमा देखिएको बेहोराहरु निम्न छन्

**क.** कोरला मम्मे गिल्ला सडकको स्वीकृत ल.ई. रु.१०९९७१२४।- अनुसार श्री मणिलेक निर्माण सेवालाई २०७६।३।२५ मा कार्यसम्पन्न गर्ने शर्तमा रु.५८५४७८०।- मा ठेक्का सम्झौता २०७६।३।६ मा सम्पन्न भएकोमा निज ठेकेदारले प्रथम रनिङ बिलबाट रु.२४९०२९८।- भुक्तानी लिएको देखियो । प्राविधिकबाट उक्त रनिङ बिल बरावरको कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी योजना १५% काम भएको आधारमा ठेक्का तोडेको देखियो ।

**ख.** खोडानेटा चौड टाक सडकको निर्माण कार्यको लागि आलोक निर्माण सेवासँग प्रदेश सरकारको तर्फबाट मात्र विनियोजित भएको बजेटभित्र रही रु.४७९७२५७।- को मिति २०७६।३।४ गते सम्झौता गरी २०७६।३।२५ मा प्रथम रनिङ विलबाट रु.१९१८८१०।- भुक्तानी लिएको छ । उक्त रनिङ बिलमा PS Items मा बीमा दावी रु.८१५४।०६ को शुल्क भुक्तानी रसिद संलग्न गरी रु.८००००।- भुक्तानी लिएको देखिएकाले बिल वेगर बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. — ७१८४६/-

**ग.** सम्झौता अनुसार समय अभाव भएको भनी उक्त सडकको कूल ठेक्का सम्झौताको २०% मात्र काम गरी रनिङ बिल भुक्तानी भएको अवस्थामा प्राविधिकबाट सम्पादित कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी ठेक्का फरफारक गरेको देखियो ।

**घ.** गिल्ला सुवाकोट सडकको ट्रयाक खोल्ने कार्यको लागि ल.ई. ९४८००००।- स्वीकृत भई श्री भुपेन्द्र निर्माण सेवासँग २०७६।३।२५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.५३५७३६२।- को ठेक्का २०७६।३।६ गते स्वीकृत भएकोमा निज निर्माण व्यवसायीले प्रथम रनिङ विलबाट रु.२१४२३१०।- को मात्र कार्य गरी भुक्तानी भएको देखियो । प्राविधिकबाट उक्त रनिङ बिलका आधारमा कार्यसम्पन्न प्रतिवेदनसमेत स्वीकृत गरी योजना करिव २०% काम सम्पादन भएको आधारमा ठेक्का तोडेको देखियो ।

अतः सम्पूरक कोषबाट सम्झौता भएको ३ वटै ठेक्का अन्यन्तै न्यून काम सम्पादन गरी ठेक्का तोडेको अवस्था देखियो । जसकारण यस वर्ष उक्त योजनाहरुमा गरेको रु.६४०३०००।- बराबरको लगानी प्रयोगविहीन हुने अवस्था छ । — ६४०३०००/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **बर्षान्तमा रकमान्तरः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । गाउँपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग कार्यान्वयन सम्झौता नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यापालिकाले पटके निर्णयबाट ५५ वटा स्वीकृत कार्यक्रमको रु.७१ लाख ६४ हजार ५ सय बजेट विभिन्न स्वास्थ्य शाखाका करारका कर्मचारीको तलव, भैपरी आउने खर्च, विपद् व्यवस्थापन खर्च, कृषितर्फको मसलन्द लगायतका चालु कार्यक्रमसमेत ७३ वटा नयाँ कार्यक्रमा पुरै रकम रकमान्तर गरी खर्च गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गरेको अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |

| गाउँसभाबाट पारित योजना | विनियोजन बजेट | गाउँपरिषदको बैठकबाट अन्यत्र सारी कार्यान्वयन गरेका योजना | बजेट खर्च | निर्णय मिति |
|---|---|---|---|---|
| २०७५।३।२४ मा पारित र कार्यपालिकाको मिति २०७५।१०।२६ मा संलग्न लिष्ट अनुसारका ५५ योजना | ७१६४५०० | २०७५।१०।२६ को कार्यपालिकाको बैठकले लिस्ट अनुसार वडागत रुपमा वितरण गरेको मर्मत, भैपरी आउने विविध खर्च, विज्ञापन खर्च | ७१६४५०० | २०७५/१०/२६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **अनुगमन खर्च :** गाउपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम संगत नदेखिएको रु | ३९७०००/ |

| गो.भौ.नं. र मिति | अनुगमन खर्च |
|---|---|
| १६७/२०७६/३० च्खधचकउ | १०००००.०० |
| १९५/२०७६/३/३० उर्जा | ४५०००.०० |
| १९६ र अन्य | २५२०००.०० |
| **जम्मा** | **३९७०००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **प्रमाण पेश गर्नुपर्नेः**<br>स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले अजयमेरु महोत्सवलाई महोत्सव खर्च भनी दिएको रु.१०००००।- भुक्तानी दिएकोमा सोको विल भरपाई पेश हुनुपर्नेमा सम्बन्धीत निकायले आवश्यक खर्चका प्रमाण एवं सो कार्यकम सञ्चालन गरेको अभिलेख तथा प्रमाण पेश नभएकोले भुक्तानी भएको रकमको बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुल दाखिला हुनुपर्ने रु. | १०००००/- |
| ४७. | **वितरित भरपाईको आधिकारीकता सम्बन्धमाः**<br>गाउँपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा गाऊपालिकाबाट सञ्चालित वितरणमुखि कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा मिति समेत खुल्दैन , हस्ताक्षर नै नरहेको समेत पाईयो । अधिकासं भरपाईहरु सादा पानामा तथा गाउँपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन । वितरण गरिएका अनुदानका कार्यक्रमबाट | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खरिद भएका सामानहरु बुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । | |

| गो.भौ.नं. /मिति | कार्यक्रमको नाम | कार्यक्रम खर्च |
|---|---|---|
| ११६/२०७५/७/२० | जै घांस विऊ वितरण २७५० के जी | १६५000.00 |
| १०४ | पोषण कार्यक्रम ३० थाल वितरण | ५0000.00 |
| | पोषण कार्यक्रम प्लेट वितरण | ५0000.00 |
| ६/२०७५/६/२४ | वहुक्षेत्रिय पोषण टमाटार वितरण ६२५प्याकेट | ९३७५0.00 |
| | वहुक्षेत्रिय पोषण रायो वितरण ६२५प्याकेट | ९३७५0.00 |
| | वहुक्षेत्रिय पोषण मूला वितरण ६२५प्याकेट | २५000.00 |
| | वहुक्षेत्रिय पोषण गाजर वितरण ६२५प्याकेट | १८७५0.00 |
| जम्मा | | ४९६२५० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **अध्यक्षता भत्ता सम्बन्धमाः** गाउँपालिकाद्वारा सञ्चालन गरीने सूचनामूलक, प्रवर्धानत्मक कार्यक्रमको उदघाटन समापन जस्ता अनौपचारिक वजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगाएत सम्मानजक आथित्यता गर्दा पारिश्रमिक भत्ता लिन पाउने व्यवस्था देखिदैन । तर कार्यालयले यस्ता कार्य वापत भत्ता वितरण गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको अवस्थामा निम्न कार्यक्रममा अध्यक्षता , अतिथी तथा सहजीकरण भत्ता वापत कार्यक्रम संयोजक बाहेक अन्यलाई भत्ता रकम दिएको देखियो । यसरी भुक्तानी भएको रकम असुल दाखिला हुनुपर्ने रु. | १३४१७५/- |

| गो.भौ.नं. । मिति | पद र नाम।कार्यक्रम | भत्ता रकम | कर कट्टी | खुद रकम |
|---|---|---|---|---|
| १०३/२०७५/७/११ | वडा न ४आमा समुह पुर्नताजगी तालिम | ५६00.00 | - | ५६00.00 |
| १०३/२०७५/७/११ | वडा न ३ आमा समुह पुर्नताजगी तालिम | ५६00.00 | - | ५६00.00 |
| १०३/२०७५/७/११ | वडा न २ आमा समुह पुर्नताजगी तालिम | ५२00.00 | - | ५२00.00 |
| १०३/२०७५/७/११ | वडा न १ आमा समुह पुर्नताजगी तालिम | ५६00.00 | - | ५६00 |
| ६३२/२०७६/३/३० | किशोरीहरुलाई सरसफाई र स्वास्थ्य व्यवस्थापन | ४000.00 | ६00.00 | ३४00.00 |
| ६५८/२०७६/३/३० | स्थानीय शासन सम्वन्धी वालमैत्री अभिमुखिकरण | ५४४00.00 | - | ५४४00.00 |
| ६६३/२०७६/३/३० | लैङ्गिक हिंसा सम्वन्धी जनचेतना कार्यक्रम | ८000.00 | ८00.00 | ७२00.00 |
| ६६३/२०७६/३/३० | लैङ्गिक हिंसा सम्वन्धी जनचेतना कार्यक्रम | ७५00.00 | ११२५.00 | ६३७५.00 |
| ५४/२०७५/११/५ | सशर्त अनुदान चालु | ६000.00 | ९00.00 | ५१00.00 |
| ६५/२०७५/११/१७ | सशर्त अनुदान चालु | ५000.00 | ७५0.00 | ४२५0.00 |
| १२/२०७५/११/१७ | वहुक्षेत्रिय पोषण । स्यानेटरी प्याड निर्माण तालिम | १0000.00 | १५00.00 | ८५00 |
| १८/२०७६/३/२५ | विशेष अनुदान । वाल स्वास्थ्य सम्वन्धी अभिमुखिकरण | १४000.00 | २१00.00 | ११९00.00 |
| १३/२०७६/३/२५ | विशेष अनुदान । | ५000.00 | ७५0.00 | ४२५0.00 |
| १४/२०७६/३/२५ | विशेष अनुदान | ८000.00 | १२00.00 | ६८00.00 |
| जम्मा | | | | १३४१७५ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४९.</td><td>विविध खर्च सम्बन्धमाः<br>कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम कार्यक्रममा खर्च गरिएको देखियो । यस्ता खर्च कार्यक्रमसँग सामिप्यता हुने गरी स्वीकृत लगत इस्टिमेटमा नबढ्ने गरी मितव्ययिता समेतलाई ख्याल गरेर खर्च गर्ने तथा यस्ता कार्यक्रमको उपलब्धी प्रतिवेदनसमेत भुक्तानी गर्दा अनिवार्य रुपमा लिनुपर्ने देखिन्छ । यस्ता खर्चका केही उदाहरणहरु निम्न छन्:
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विल /रकम</th></tr>
<tr><td>१४/२०७५/६/८</td><td>४४५२०.००</td></tr>
<tr><td>२३/२०७५/६/१३</td><td>३१८१५.००</td></tr>
<tr><td>२१८/२०७५/१०/१५</td><td>५०८८३.००</td></tr>
<tr><td>२८०/२०७५/११/२८</td><td>२८४२०.००</td></tr>
<tr><td>२९३/२०७६/१/२१</td><td>५०७२५.००</td></tr>
<tr><td>३९५/२०७६/१/१७</td><td>५५९२५.००</td></tr>
<tr><td>४५७/२०७६/२/३०</td><td>३०४६५.००</td></tr>
<tr><td>५५१/२०७६/३/२८</td><td>६२०५०.००</td></tr>
<tr><td>६०९/२०७६/३/२८</td><td>५४३८०.००</td></tr>
<tr><td>जम्मा</td><td>४०९१८३</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>असुल हुनुपर्नेः<br>वडा न ३ मा सञ्चालित लैङ्गिक हिंसा सम्वन्धी कार्यक्रममा ३० वटा झोला खरिद रु.२१०००।, खानाको अतिरिक्त भरपाई रु.२६४००।- तथा प्रयोजन नखुलेको खर्च भरपाई रु.२५०००।- सहित रु.७२४००।- को खर्च भुक्तानी भएकोमा सो को खर्च दावी गर्ने आधार र प्रमाण रहेको देखिएन । अत उक्त रकम कार्यक्रम सञ्चालकबाट असुल दाखिला हुनुपर्ने रु</td><td>७२४००/-</td></tr>
<tr><td>५१.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>योजना सञ्चालनको लागि रु.४१ लाख विनियोजन गरिएकोमा गाउँपालिकाका ५ वडाहरुमा २० योजनाको लागि रु.३९ लाख खर्च भएकोमा वडागत रुपमा कुन-कुन योजनामा के कति रकम खर्च भएको हो यकिन गर्न सकिएन । गाउँपालिकाले सञ्चालन हुने योजनाको बारेमा कार्यक्रम कार्यान्वयन निर्देशिकाले तोके अनुसार तोकिएका स्वरोजगारीका कार्यक्रममा बजेट खर्च गरी कार्यान्वयन भएका कार्यक्रमको अनुगमन गरी आवश्यकता एवं क्षमताका आधारमा योजना कार्यान्वयन गराई भुक्तानी गर्नुपर्नेमा कार्यक्रम नै नखुलाई भुक्तानी गरेको मनासिव देखिएन । आगामी दिनमा यस्तो योजना कार्यान्वयन गर्दा कार्यक्रम खुलाई भुक्तानी गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. ३६५१६०३ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम</td><td></td></tr>
<tr><td>५२.</td><td>सर्भे खर्चः योजना छनौट गर्दा योजनाको विस्तृत लागत अनुमान भएका योजनामा वजेट विनियोजन गर्नु पर्दछ । कार्यालयले छनौट भै सकेका योजनामा लागत अनुमान तयार गर्दा योजना लागतमा ४ प्रतिशत कन्टिन्जेन्सी तथा ३ प्रतिशत सर्भे खर्चसमेत जोड्ने गरेको पाईयो । यसबाट योजनाको लागत वढ्नुका साथै सर्भे समेत नभएका योजनामा वजेट विनियोजन भए बाट छनौट प्रणालीमा सुधार गर्नुपर्ने देखियो । कार्यालयले विस्तृत योजना प्रतिवेदन तयार भएका योजनामा मात्र वजेट विनियोजन गर्ने तथा सर्भेका</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागि छुट्टै वजेट व्यवस्था गर्नु पर्दछ । | |
| ५३. | **सर्भे:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(ख)(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, नियमावली २०६४ को नियम ७२(१) मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा लिँदा लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद कार्य गर्नु पर्ने उल्लेख छ । उक्त प्रस्तावमा गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मूल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्नेमा कार्यालयले सञ्चालित विभिन्न ११० वटा योजनाबाट सर्भे खर्च भनी ३ प्रतिशतका दरले कट्टि गरी छुट्टै खातामा सर्भे वापतको ११ लाख ४८ हजार २९७ रुपैया जम्मा गरेको देखियो । जसमध्ये विभिन्न ८ वटा सडकको सर्भे गरेको देखियो । | |

| सि.नं. | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|
| १. | खप्तड इन्जिनियरिङ कन्सल्टेन्सी | ४९६०७३ |
| २. | " " | ११९९३५ |
| ३. | गाउँपालिकाका प्राविधिक कर्मचारीलाई ६ वटा सडकको विस्तृत योजना प्रतिवेदन तयारी | ४८६३१२ |
| ४. | कन्टिन्जेन्सी | २००२३ |
| जम्मा | | ११२२३४३ |

उक्त सर्भे वापत कट्टि गरेको रु.११४८२९७।- बाट खर्च रु.११२२३४३।- घटाई बाँकी मौज्दात रु.२५२५४।- खातामा मौज्दात देखिएको छ । यसरी तयार गरेका सर्भे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तर भए नभएको मूल्याङ्कन गरी उपयोगमा ल्याएको देखिएन ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **वढी खर्च:** कार्यक्रम सञ्चालनको खर्च भुक्तानी गर्दा कार्यक्रम सञ्चालनका निम्ति स्वीकृत नर्म्समा नवढ्ने गरी भुक्तानी दिनु पर्दछ । गाउँपालिका बाट स्वीकृत नर्म्सभन्दा वढी हुने गरी हिमवन्ती नेपाल जिल्ला शाखा डडेल्धुराको आयोजनामा सामुदायिक वनका महिलालाई वन ऐन तथा महिला सशिक्तिकरण सम्वन्धी २ दिने तालिममा लेखिएको नर्म्स भन्दा बढी भुक्तानी भएको खर्च असुल हुनुपर्ने रु. | ४१५९८/- |

| विवरण | संख्या | नर्म्स | नर्म्सवमोजिम खर्च रु. | भएको भुक्तानी रु. | वढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| गाडी भाडा | – | – | – | १२००० | १२००० |
| अनुगमन | ५ | १६०० | ८००० | १७११८ | ९११८ |
| स्टेशनरी | ५५ | १५० | ८२५० | १२७३० | ४४८० |
| प्रस्तावना तथा प्रतिवेदन लेखन | १ | २००० | २००० | १८००० | १६००० |
| | | | | जम्मा | ४१५९८ |

**ब.उ.शि.नं. ३६५८०९४ झोलुङ्गेपुल**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | **वढी भुक्तानी:** जिल्ला प्राविधिक कार्यालयले उपलब्ध गराएको विवरण अनुसार झोलुङ्गे पुलको स्टिल पाट्स उपदव्ध गराए वापत मालिका ईन्जिनियरिङलाई सम्झौता अनुसार दुवै झोलुङ्गे पुलको लागि पहिला भुक्तानी भएको रकम कट्टी गरी रु १६२०३५१।३७ भुक्तानी दिनुपर्नेमा १६६०४८४। भुक्तानी दिएको छ । वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ४०१२३/- |

| गो भौ न । मिति | नाम | दिनुपर्ने रकम | दिएको रकम | वढी रकम |
|---|---|---|---|---|
| ९/२०७६/३/३१ | दोभिल्ला | ६४१०८३.८२ | ६५६९५८ | १५८७४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ८/२०७६/३/३१ \| अमतड \| ९७९२७७.३७ \| १००३५२६ \| २४२४९ | |
| | जम्मा \| ४०१२३ | |
| ५६. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :** | |

**क**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने ब्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**ख**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो.भौ.नं./ मिति | योजनाको नाम | उपभोक्ता समिति | ठेकेदारको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १११/०७५/१२/३० | डाँडावन घुम्ता सडक | डाँडावन घुम्ता स.नि.स. | नवदुर्गा गन्यापधुरा नि.सेवा | १० लाख | ९२९८९५ |
| ७४/०७५/१०/१७ | बगुरा वडम सडक वडा नं. २ | बगरा वडम सडक नि.उ.स. | दिव्यज्योति नि.सेवा | ५ लाख | ४६४९९९ |
| ८६/०७५/११/७ | घुम्ता मष्टा बैजनाथ सडक | घुम्ता मष्टा बैजनाथ नि.उ.स. | नवदुर्गा गन्यापधुरा नि.से. | २ लाख | १८८००० |
| १२४/०७५/१२/४ | वडा नं. ४ र ५ जोड्ने सडक | वडा नं. ५ सडक नि.उ.स. | दिव्यज्योति नि.से. | २० लाख | १९९९६३९ |
| १४३/०७५/१२/१३ | खस्रेखान-पल्लेघर राउटी बेलापुर सडक | वडा नं. १ बेलापुर स.नि.उ.स. | डि.आर. निर्माण सेवा | १० लाख | ९२९७४३ |
| १६०/०७५/१२/१७ | पोखरा बेलापुर सडक | पोखरा बेलापुर स.नि.उ.स. | भुपेन्द्र निर्माण सेवा | ५ लाख | ४८२९७८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ३/०७५/६/५ | कोरायल- मम्मे गिल्ला सडक | कोरायल गिल्ले स.नि.उ.स. | दिपज्योति निर्माण सेवा | ५ लाख | ४९६९९१ | |
| | ५४/०७५/९/२४ | वडम फिन्देउ सडक | वडम फिन्देउ स.नि.उ.स. | एस.के. कन्स्ट्रक्सन | २० लाख | १८००००० | |
| | ५५/०७५/९/२४ | विभिन्न १६ वटा सडक सरसफाई | सडक सरसफाई उ.स. | दिव्यज्योति नि.सेवा<br>नवदुर्गा गन्यापधुरा निर्माण सेवा | २५ लाख | २१४८३६६ | |
| | ३०/०७५/७/१६ | डाँडावन घुम्ता ( दोस्रो प्याकेज)सडक | घुम्ता सडक नि.उ.स. | दिव्यज्योति नि. सेवा | १२ लाख | ११५२००० | |
| | ३२/०७५/७/१६ | फिन्देउ- मणिलेक सडक | फिन्देउ मणिलेक स.उ.स. | टि.बि. कन्स्ट्रक्सन | ५ लाख | ४८०००० | |
| | ४३/०७५/८/१३ | दाडिम तल्कोट सडक | दाडिम तल्कोट स.नि.उ.स. | दिव्यज्योति नि.सेवा | ६ लाख | ५७६००० | |
| | ११३/०७६/३/३० | दावली- डाँडावन सडक | दावली डाँडावन स.नि.उ.स. | नवदुर्गा गन्यापधुरा निर्माण सेवा | १० लाख | ९२९६०५ | |
| | **जम्मा** | | | | १ करोड ३५ लाख | १२५७८२१६ | |
| | **पशु सेवा वीत्तीय समानिकरण (चालू र पूँजीगत)** | | | | | | |

५७. **कृषि तथा पशु अनुदानः**

कृषि तथा पशु अनुदान वितरण कार्यविधि, २०७३ अनुसार विभिन्न संघ संस्था वा निकायलाई उपलब्ध गराएको अनुदान तोकिएबमोजिमको कार्यमा उपयोग भए नभएको, पूर्ण निर्धारित उपलब्धी हासिल हुन सके नसकेको, खर्चको पारदर्शिता रहे नरहेको सम्बन्धमा खर्च लेख्ने सार्वजनिक निकायले अनुगमन गरी प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आय आर्जनका कार्यक्रम सञ्चालन गर्दा विभिन्न समूह, संस्थालाई रु.२२५९४००/- अनुदान वितरण कर्मचारीमार्फत पेश्की दिई सञ्चालन गरेको देखियो ।

| सि.नं. | वितरण गरिएको अनुदानको प्रकृति | अनुदान वितरण संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | राँगो वितरण (प्रजननको लागि) | २ वटा | १५५००० |
| २ | बोका वितरण (प्रजननको लागि) | ६ वटा | १८०००० |
| ३ | मासुपसल सुधार सुदृढीकरण सामग्री (फ्रिजसमेत ) | ६ वटा | ३००००० |
| ४ | दुध संकलनको लागि डिप फ्रिज | १ वटा | ६०००० |
| ५ | मिल्क क्यान (विभिन्न ४०, १० लि.) | ८८ वटा | १५०००० |
| ६ | कुखुरा वितरण ( सुनौला हजार दिन समेत ) | १८०० वटा | ६०२००० |
| ७ | हिउँदे घाँसको विउ वितरण ( १००% अनुदान ) | १२० क्विन्टन | १००००० |
| ८ | आलुको बिउ वितरण ( १००% अनुदान ) | १३० क्विन्टल | ६५०००० |
| ९ | गहुँको बिउ वितरण (५० % अनुदान) | ५२० क्विन्टल | ६२४०० |
| जम्मा | | | २२५९४०० |

उक्त अनुदानको सदुपयोग सम्बन्धमा कार्यालयले अनुदान दिने निकायको अनुगमन गरी प्रतिवेदन लिने नगरेको कारण प्रत्येक वर्ष अनुदान लिनेको लगत दोहोरो नपर्ने गरी अद्यावधिक समेत नगरेकाले अनुदान प्राप्त गर्नेको लगत अद्यावधिक गरी यसरी वितरित अनुदानका सदुपयोग भए नभएको अनुगमन गर्न नसक्दा वितरीत अनुदानबाट खरिद भएका सामानको स्थिति, प्रयोगको अवस्था निक्यौंल

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हुन सक्ने देखिएन । यस्ता विना आधार वितरित हनुदान खर्चको उपादेयता यकिन गर्न सकिएन । | |
| ५८. | **गो.भौ.नं. ८, मिति २०७६।३।४**<br>कोटेली सामूदायिक अध्ययन केन्द्रका नवराज धिक्तले हाउस वायरिङ तालिम संचालनको विल भरपाई भुक्तानीको लागि पेश गरेकोमा केन्द्रको च.नं. ४० को पत्रबाट प्रशिक्षक प्रेमराज जोशीलाई रु.३००००।- पारिश्रमिक दिने शर्तमा नियुक्त गरेकोमा सोही पत्रको फोटोकपिमा टेकराज धिक्तलाई समेत प्रशिक्षक नियुक्त गरेको बेहोरा बनाई दुवैजनालाई सम्झौता भन्दा बढी रु.३५०००।- का दरले भुक्तानी दिएको संलग्न भरपाईबाट देखिएको छ । एउटै चलानी नं. बाट २ जनालाई नियुक्ती दिएकाले एकजनाको पुरै रकम र अर्को एक जनाको नियुक्तिको शर्तभन्दा वढी भुक्तानी भएको पारिश्रमिक कर कट्टिपछिको रकम रु.३४०००।- र सो को १५ प्रतिशत जरिवानासमेत कार्यक्रम संचालक नवराज धिक्तबाट असुल हुनुपर्ने रु.<br>त्यस्तै सोही कार्यक्रमको लागि गाउँपालिकाले सिफारिस गर्दा लिने (प्रतिलाख रु.१०० का दरले ३ लाखको सिफारिस दस्तुर रु.३००।-) दस्तुर लिई दिएको नगदी रसिद समेत निज कार्यक्रम सञ्चालकले Temper गरी ३०० लाई ३०००।- बनाई बढी भुक्तानी लिएको देखिएको छ । निजलाई सरकारी कागजात किर्ते गरेको अभियोगमा आवश्यक कारवाही गरी उक्त रकम असुलसमेत गर्नुपर्ने रु. | ३९१००/-<br>२७००/- |
| ५९. | **शिक्षा सशर्तः**<br>विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा गाउँपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्थपरक बनाई सोही आधारमा विद्यालयलाई जाने अनुदान लगायतका खर्च भुक्तानी गर्ने गराउनेतर्फ गाउँपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ६०. | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.४१३३७६००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| | (ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । अघिल्लो चौमासिकको खर्च यकिन गरेरमात्र पछिल्लो चौमासिकको निकासा दिने व्यवस्था लागु गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६१. | **अन्य प्रयोजनको खर्च:** स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय/संस्था लाई भुक्तान गरेको रकम नियम संगत नदेखिएको रु. | २४०५९००/- |

| सि.नं. | संस्था | प्रयोजन | रकम रु |
|---|---|---|---|
| १ | नेपाल बार एसोसियसन | भवन निर्माण | १००००० |
| २ | ग्रामीण वातावरण विकास केन्द्र | सूचना प्रविधि केन्द्र | ४००००० |
| ३ | नेपाल रेडक्रस शाखा रडुवा | भवन मर्मत | ५०००० |
| ४ | सुर्योदय बहुद्वेश्यीय संस्था | संरचना निर्माण | १८०५९०० |
| ५ | भिमदत्त बहुमुखी क्याम्पस | संरचना निर्माण | ५०००० |
| | जम्मा | | २४०५९०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र हतारमा कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br><br>**पेश्की फर्छ्यौट:** पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु. | **२९३४६०१/-** |

| गो.भौ.नं. । मिति | नाम | विवरण | रकम |
|---|---|---|---|
| २१/२०७६/३/२६ | पफेक्ट कन्सट्रक्सन क. लि | मोविलाईजेशन | ५५४६०१ |
| १३/२०७६/१/२९ | मणिलेक आधारभूत विद्यालय | २ कोठे विद्यालय भवन | १६००००० |
| नखुलेको | कैलपाल प्राथमिक विद्यालय | शौचालय निर्माण | ७००००० |
| नखुलेको | न्यु सन्तोष विज्ञापन तथा स्टेसनरी सप्लायर्स | डकुमेन्ट्री निर्माण | ८०००० |
| | **जम्मा** | | **२९३४६०१** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३. | **आन्तरिक लेखापरीक्षण :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ वमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका केन्द्रीय  शिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । गाउँपालिकाले आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरिक्षणको लागि अद्यावधिक गराउनु पर्दछ । | |

अनुसूची १

## नवदुर्गा गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | नवदुर्गा गाउँपालिका | डडेलधुरा | २४२७५ | ८२४०४ | २८७१८३ | ४३०८ | ३७३८९५ | १९८३७३ | १४६५२६ | १६०५२ | ३६०९५१ | ३७२१९ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | नवदुर्गा गाउँपालिका | ४८ | १६ | ३९५७४ | ० | २ | २१२७७ | ४८ | १४ | १८२९७ | ७३६ | ११५३४ | ३०९३ | ० | ० | १४६२७ | ० | २९३४ | २९३४ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | नवदुर्गा गाउँपालिका | डडेलधुरा | ५१८७ | २३२३ | २८६४ | ० | १८२९७ | २११६१ |